# सामाजिक परिक्षण प्रतिवेदन

## “माडी कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता परियोजना”

### आ. ब. २०८१/०८२

*पेश गरिएको :*

## ग्रामिण विकास तथा चेतना समाज नेपाल

*पेश गर्ने :*


**दुर्गालाल के. सी.**

स्वतन्त्र सामाजिक परिक्षक




# सामाजिक परिक्षण प्रतिवेदन

## “माडी कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता परियोजना”

### आ. ब. २०८१/०८२

# प्रतिवेदनको सार तथा आभार

सार्वजनिक सेवा प्रदान गर्ने निकाय सेवाग्राहीप्रति जवाफदेही र उत्तरदायी बन्न आबश्यक हुन्छ । प्रवाह गरेका सेवाको मूल्यांकन र गुणस्तर मापन गर्नु सार्वजनिक इमान्दारिताका साथै संस्थागत जीवनको आन्तरिक आत्मसमिक्षा पनि हो ।

आफ्ना सेवा प्रवाहले समाजमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन नै सामाजिक परिक्षण हो । सामाजिक परिक्षण सुशासन र पारदर्शिता प्रदर्शन गर्ने महत्वपूर्ण माध्यम हो । कार्यक्रमबाट प्राप्त सामाजिक उपलब्धि र संस्थाले बहन गरेको सामाजिक जिम्मेवारीलाई सामाजिक विकासका सूचकका आधारमा लेखाजोखा गरी सामाजिक परिक्षण गरिन्छ ।

कार्यक्रमको लक्ष, उद्देश्य र बजेट अनुसार प्राप्त नतिजा तथा उपलब्धिबारे सरोकारवालाहरुबीच जानकारी गराउने, त्यसको लेखाजोखा गर्ने, मूल्याङ्कन गर्ने र आगामी दिनका लागि मार्गदर्शन प्राप्त गर्ने उद्धेश्यले सामाजिक परिक्षण गर्ने गरिन्छ ।

रोल्पाको माडी गाउँपालिकाले कृषि तथा पशुवस्तुमा आधारित रही गरिवी निवारणका योजनाहरु सञ्चालन गर्ने उद्देश्यले हेफर प्रोजेक्ट नेपाल तथा स्थानीय गैरसरकारी संस्था ग्रामीण विकास तथा चेतना समाज (रुडास) नेपालको साझेदारीमा सञ्चालन गरेको **"माडी कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता परियोजना"** को सामाजिक परिक्षण गर्न पाउँदा म अत्यन्तै हर्षित छु ।

कृषि, सिचाई, पशुपालन, बजार प्रवर्द्धन, विपन्न बर्गको जिविकोपार्जन र साना किसानको वित्तीय पहुँच लगाएतका बिषयमा केन्द्रीत रहेर गरिएका कार्यक्रम निकै प्रभावकारी छन् । परम्परागत कृषि र पशुपालनको आधुनिकिकरण, व्यवसाय प्रवर्द्धन, आयआर्जन बृद्धि, र महिला तथा युवाहरुको क्षमता विकासका कामहरु उपलब्धीमुलक छन् ।

सामाजिक परिक्षणका क्रममा स्थलगत अवलोकन, लाभग्राही, सरोकारवाला र स्थानीय जनप्रतिनिधिसँग अन्तर्वाता, प्रश्नोत्तर, समूह छलफल लगाएतका बिधिबाट सुझाव र प्रतिक्रीया संकलन गरिएको छ । गाउँपालिका र जिल्लाका सबै सरोकारवालाहरुसँग संस्थाले सहकार्य र समन्वयमा प्रभावकारी काम गरेको देखिन्छ ।

सामाजिक परिक्षणका क्रममा कार्यक्रमको दिगोपनामा ध्यान दिनुपर्ने, स्थानीय आबश्यकता अनुसार जिविकोपार्जनका कार्यक्रम गर्नुपर्ने, उत्पादीत कृषि र पशु बस्तुहरुको बजारिकरणमा सहयोग गर्नुपर्ने र यातायातको साधन नपुगेका क्षेत्रबाट कृषि उत्पादनको ढुवानीका लागि सहयोग गर्नुपर्ने सुझावहरु प्राप्त भएका छन् ।

सामाजिक परिक्षण संस्थालाई मार्गदर्शन गर्ने महत्वपूर्ण मञ्च भएकाले यसलाई संस्थाको नियमित र अति आबश्यक गतिबिधिका रुपमा प्राथमिकतामा राखी काम गर्नुपर्ने देखिन्छ । यसका लागि पर्याप्त समय दिएर स्थलगत अध्ययन, अवलोकन, अर्न्वाता, प्रश्नोत्तर र समूह छलफलका कामहरु सञ्चालन गर्नुपर्छ । सामाजिक परिक्षण हरेक बर्ष समयमै गर्नुपर्ने देखिन्छ ।

सामाजिक परिक्षणका क्रममा बिभिन्न तरिकाले सहयोग गर्ने सबै सरोकारवालाहरुप्रति आभार प्रकट गर्दछु । साथै संस्थाका तर्फबाट भएको समन्वय, सहयोग र सहकार्य अनुकरणीय छ । अन्तमा मलाई सामाजिक परिक्षकका रुपमा छनोट गरी काम गर्ने अवसर दिएकोमा ग्रामीण विकास तथा चेतना समाज (रुडास) नेपाल, हेफर प्रोजेक्ट नेपाल र माडी गाउँपालिकाप्रति आभार प्रकट गर्दछु । आगामी दिनमा पनि समन्वय र सहकार्य हुने अपेक्षा गर्दै पुनः सामाजिक परिक्षणमा सहभागी हुने सबैप्रति कृतज्ञता प्रकट गर्दछु । धन्यवाद् ।

**दुर्गालाल के.सी.**

**(सामाजिक परिक्षक)**

# बिषयसूची

| क्र. सं. | शिर्षक | पेज नं. |
|---|---|---|

## खण्ड-एक : सामाजिक परिक्षणको परिचय


१.१. पृष्ठभूमी ८

१.२. सामाजिक परिक्षणको उद्देश्य ९

१.३. सामाजिक परिक्षणको महत्व १०

१.४. सामाजिक परीक्षणको औचित्य १०

१.५. सामाजिक परीक्षणका विधि तथा प्रक्रिया ११

१.६. सामाजिक परिक्षणका कार्यक्षेत्र १२

१.७. सामाजिक परिक्षणको सिमा १३

१.८. सामाजिक परिक्षणको आकार १३


## खण्ड दुई : परियोजनाको परिचय


२.१. परियोजनाको परिचय १५

२.२. परियोजनाको सिद्धान्त र कार्यशैली १५

२.३. परियोजनाको उद्धेश्य १६

## खण्ड तीन : सामाजिक जिम्मेवारी वहन गर्ने क्षमताको लेखाजोखा


३.१. सामाजिक जिम्मेवारी बहनको स्थिति १८

३.१.१. संस्थागत सुशासन १५
३.१.२. कार्यक्रम, उपलब्धि तथा कार्यान्वयन प्रक्रिया १९
३.१.३. वित्तिय व्यवस्थापन तथा कार्य सम्पादन स्थिति २०
३.१.४. सम्बन्ध व्यवस्थापन २०


## खण्ड चार : परियोजनाको लेखाजोखा


४.१. परियोजना अन्तर्गत सञ्चालित कार्यक्रमहरु २२

४.२. परियोजनाका मुख्य उपलब्धीहरु २२

४.३. परियोजनाका समस्या, गुनाशा तथा चुनौतीहरु २४

४.४. परियोजनाबारे गरिएको सामाजिक लेखाजोखाको नतिजा २५


## खण्ड : पाँच : सामाजिक परिक्षणका नतिजाहरु


५.१. परियोजना अन्तर्गत हुनुपर्ने र भएका कार्यक्रमहरुको तुलनात्मक अध्ययनको विवरण २८-३६

५.२. सामाजिक परिक्षणका क्रममा भएका अन्तर्वाता र छलफलमा व्यक्त अनुभव तथा सुझावहरु ३७-५८

## खण्ड-छ : प्रारम्भिक प्रतिवेदन सार्वजनिक कार्यक्रम


६.१. प्रारम्भिक प्रतिवेदन सार्वजनिक ५९

६.२. निष्कर्ष ५९

६.३. सुझावहरु ६०

**खण्ड-सात : सन्दर्भ सामग्रीहरु** ६२

**खण्ड-आठ :. अनुसूचीहरु**

अनुसूची-१ : परियोजना र सामाजिक परिक्षणका बिभिन्न गतिबिधि झल्किने तस्विरहरु ६३-६९

# खण्ड-एक : सामाजिक परिक्षणको परिचय

## १.१. पृष्ठभूमी :

कुनै पनि संस्थाले गरेका कामहरुको सामाजिक तथा सार्वजनिक रुपमा मुल्यांकन गर्नु जरुरी हुन्छ । संस्थाका योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन नै सामाजिक परिक्षण हो ।

कार्यक्रमको लक्ष, उद्देश्य, बजेट, आम्दानी तथा यसबाट प्राप्त नतिजा, उपलब्धि र खर्च आदिका बारेमा सरोकारवालाहरुबीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्याङ्कन गर्ने कार्य निकै महत्वपूर्ण छ । संस्थाको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास र कार्यसम्पादनको लेखाजोखा गर्ने काम सामाजिक जवाफदेहिताको महत्वपूर्ण पक्ष हो । एक आर्थिक वर्षमा सम्पादन भएका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि वर्षमा एक पटक सामाजिक परीक्षण गर्नुपर्छ ।

नागरिकहरु आफूबाट संकलित कर वा आफ्नो लागि आएको श्रोतसाधन र बजेटको उपयोग होस् भन्ने चाहन्छन् । जिम्मेवार निकाय तथा व्यक्तिहरु त्यसको उपयोगमा पूर्ण जवाफदेही होऊन् भन्ने अपेक्षा राख्दछन् । त्यस्तै उनीहरुका लागि लक्षित गरिएका कार्यक्रमहरुको कार्यान्वयनमा इमान्दारीता रहोस्, विवेक र औचित्यपूर्वक खर्च गरियोस् भन्ने अपेक्षा राख्दछन् । त्यसकारण जवाफदेही र उत्तरदायी सेवा प्रवाहका लागि सामाजिक परीक्षण निकै आबश्यक छ । सामाजिक परिक्षणले जवाफदेहीतालाई पुष्टि गर्दछ ।

हरेक सार्वजनिक निकायका लागि यो एक नियमित, उद्देश्यमुलक र प्रकृयावद्ध परीक्षण पद्धती हो । यसले सेवाप्रवाहको लेखाजोखा तथा मुल्याङ्कन गर्दछ । उक्त लेखाजोखा सामुदायिक मूल्य र मान्यताका आधारमा हुन्छ । यसले सरोकारवाला सबैलाई मुल्याङ्कनको सुचना प्रवाह गर्दछ । साथै यसले कार्यसम्पादन मापनका सुचकहरु स्थापित गरी अनुगमन र निर्णय प्रकृयामा सुधार ल्याउन मद्धत समेत गर्दछ । सामाजिक परीक्षण सबै सार्वजनिक निकायका लागि आबश्यक भए पनि मुख्य गरी स्थानीय तह, दातृ संस्था सामाजिक विकास संस्थाहरुले सञ्चालन गरेको कार्यक्रममा प्रयोग भएको पाईन्छ ।

**सामाजिक परीक्षण विशेष गरी निम्न दुई धारणामा आधारित भएको पाइन्छ :**

१) सार्वजनिक पदधारण गर्ने व्यक्तिले जनहितको कार्य गरिरहेका छन् वा आफ्नो कार्यको समुचित रुपमा जवाफ दिइरहेका छन् भनेर नागरिकहरुलाई पेशागत लेखा परीक्षकले जस्तै पुष्टि गर्न आवश्यक पर्दैन । उनीहरु स्वयंको अनुभव, कार्यसम्बन्ध तथा सन्तुष्टिको प्रस्तुतिले देखाउँछ ।

२) सावधानीको सिद्धान्त (Precautionary Principle) अनुसार कुनै पनि संस्थाले कुनै पनि कार्य गर्न सो कार्यप्रति लाभग्राहीहरुलाई विश्वास दिलाउनु पर्दछ । यसको अर्थ हामीले सार्वजनिक सेवाप्रदायक निकायहरुसँग मुख्य गरी निम्न कुरा स्पष्ट गर्न लगाउनु पर्छ :

क) कसलाई सेवा दिन खोजीएको हो ?

ख) प्राथमिकताको क्रम के हो ?

ग) कसरी उनीहरुलाई सूचित गर्ने व्यवस्था गरिएको छ ?

घ) जनहितको कार्य सम्पादन मापदण्ड के हो ?

ङ) कसरी नागरिकहरुलाई जवाफ दिने प्रवन्ध गरिएको छ ?

उल्लेखित मान्यताहरुलाई सार्वजनिक निकायहरुमा संस्थागत गर्दै लैजाने उद्देश्यले नेपाल सरकारले सुशासन (व्यवस्थापन र सञ्चालन) ऐन २०६४ लागु गरेको छ । त्यस्तै राज्यका काम कारबाही लोकतान्त्रिक पद्धति अनुरुप खुल्ला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन तथा नागरिकको पहुँचलाई सरल र सहज बनाउने उद्देश्यले सूचनाको हक सम्बन्धी ऐन २०६४ कार्यान्वयनमा ल्याइएको छ । यस ऐनले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तराष्ट्रिय संघ संस्थावाट रकम प्राप्त गरेर सञ्चालनमा आएका गैर सरकारी संघ/संस्थाहरुलाई पनि सार्वजनिक निकायको रुपमा उल्लेख गरेको छ ।

स्थानीय निकाय आर्थिक नियमावली २०६४ मा प्रत्येक चौमासिक तथा आर्थिक वर्ष समाप्ति पश्चात सामाजिक जिम्मेवारी पालनाको अवस्थाको लेखाजोखाका लागि सामाजिक परीक्षण गर्नुपर्ने उल्लेख छ । त्यस्तै समाज कल्याण परिषदका कार्यविधि तथा नीतिहरुमा पनि स्थानीय गैससहरुले सामाजिक परीक्षण गर्नुपर्ने उल्लेख छ ।

तसर्थ सार्वजनिक निकायहरुले आफुसंग सम्बन्धित कानुन, नीति तथा नियमहरु पालना गर्नुपर्छ । साथै प्रदान गरिने सेवामा आमनागरिकप्रति पूर्ण जवाफदेही भई कार्य सम्पादन गर्नु आवश्यक हुन्छ । संस्थाले गरेका गतिविधिहरुले कुन हदसम्म सामाजिक जिम्मेवारी तथा उत्तरदायीत्व बहन गरेको छ भन्ने विषयलाई संस्थागत रुपमा हेर्नुपर्ने आवश्यक्ता हुन्छ ।

यिनै कुरालाई मध्यनजर गर्दै ग्रामिण विकास तथा चेतना समाज नेपालले रोल्पाको माडी गाउँपालिकाको आर्थिक सहयोग तथा हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा रोल्पाको माडी गाउँपालिकामा कार्यान्वयनमा ल्याएको ***कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता*** परियोजनाको सामाजिक परीक्षण गरी यो प्रतिवेदन तयार गरिएको छ ।

सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै कार्यक्रमले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्नसक्ने संस्थागत क्षमताको सामाजिक विकासका सूचकका आधारमा लेखाजोखा गरी सामाजिक परिक्षण सम्पन्न गरिएको छ ।

## १.२. सामाजिक परिक्षणको उद्देश्य :

प्रस्तुत सामाजिक परीक्षण कार्यका प्रमुख उद्देश्यहरु निम्नानुसार रहेका छन् :

❖ संस्थाले एक आर्थिक बर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादन स्तरको लेखाजोखा गर्ने ।

- ❖ संस्थाको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास र कार्यसम्पादनको मुल्यांकन गर्ने ।
- ❖ सरोकारवाला तथा लाभान्वित समूहप्रतिको जवाफदेहिताको मुल्यांकन गर्ने ।
- ❖ संस्थाद्वारा सञ्चालित कार्यक्रम तथा परियोजनाले ल्याएको सामाजिक उपलब्धी र सामाजिक जिम्मेवारी वहन गर्नसक्ने क्षमताको अभिबृद्धि गर्ने ।
- ❖ संस्थाले अवलम्बन गर्दै आएका नीति, अभ्यास तथा व्यवहारहरु लाभग्राही, अधिकारवाला तथा सरोकारवालाहरुसँग उत्तरदायी, पारदर्शी तथा जवाफदेही छन् भन्ने सुनिश्चित गर्ने ।
- ❖ लाभग्राही तथा सरोकारवालाहरुवाट संस्थाको आन्तरिक कार्य वातावरण सुधारका लागि महत्वपूर्ण पृष्ठपोषण तथा सल्लाह प्राप्त गर्न सकारात्मक वातावरणको सिर्जना गर्ने ।
- ❖ लाभग्राहीहरुप्रति संस्था तथा परियोजनाको जवाफदेहीता अभिवृद्धि गर्ने ।
- ❖ सरोकारवाला सरकारी तथा गैरसरकारी कार्यलयहरुसँगको समन्वय र सहकार्यको अबस्था अध्ययन गर्ने ।
- ❖ कार्यक्रम सञ्चालन गर्दा देखिएका चुनौतीहरुको लेखाजोखा गर्ने ।
- ❖ आगामी दिनमा थप प्रभावकारी कार्यक्रम गर्न मार्गदर्शन गर्ने ।

## १.३. सामाजिक परिक्षणको महत्व :

सामाजिक परिक्षणबाट विगत आर्थिक वर्षको योजना, नीति, कार्यक्रम कार्यान्वयन र सेवा प्रवाहले सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन गरिएकाले यसको निकै महत्व छ । यसबाट कार्यसम्पादनको लेखाजोखा भई आगामी आर्थिक बर्षका लागि कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रकृयामा महत्वपूर्ण सुझावहरु प्राप्त हुनेछन् । यसले कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्ने देखिन्छ । सामाजिक परीक्षणबाट कार्यक्रम कार्यान्वयनका लागि गरिनुपर्ने सुधारका प्रयासबारे जानकारी भई आगामि वर्षको कार्यक्रम कार्यान्वयनका लागि सहज हुने भएकाले यसको महत्व छ ।

## १.४. सामाजिक परीक्षणको औचित्य :

सामाजिक परीक्षण सामाजिक जवाफदेहिताको एक महत्वपूर्ण औजार हो । सामाजिक परिक्षणले संस्थालाई समाजप्रति जवाफदेही बनाउन उल्लेख्य भूमिका खेल्ने भएकाले यो कार्य औचित्यपूर्ण र आवश्यक छ । यस्तो परीक्षणबाट संस्थाको कार्यक्रम निश्चित मापदण्डभित्र रहेर गरे नगरेको, कार्यक्रम

कार्यान्वयन पक्षमा कमी कमजोरी रहे नरहेको र तिनमा सुधार गर्नुपर्ने पक्षहरु भए नभएको पत्ता लाग्ने भएकाले पनि संस्थालाई यसबाट मार्गदर्शन हुन्छ । साथै आगामी वर्षका लागि कार्यक्रम तर्जुमा र कार्यान्वयनलाई पृष्ठपोषण हुने भएकाले सामाजिक परिक्षण औचित्यपूर्ण र जरुरी छ ।

## १.५. सामाजिक परीक्षणका विधि तथा प्रक्रिया :

प्रस्तुत सामाजिक परीक्षण निम्न अनुसारका अनुसन्धानात्मक विधि प्रयोग गरी सम्पन्न गरिएको छ ।

### १.५.१. दस्तावेज अध्ययन :

सामाजिक परीक्षणका क्रममा विभिन्न सामाग्रीहरुको अध्ययन र बिश्लेषण गरिएको छ । सामाजिक जवाफदेहिता सम्बन्धी नियम, कार्यविधि र निर्देशिकाहरुको अध्ययन गरी सामाजिक परिक्षणका मापदण्डहरु केलाइएको छ । यसका साथै संस्थाको बिधान, नीति, कार्यबिधि, प्रस्तावना, वार्षिक योजना, बार्षिक प्रगति प्रतिवेदन, कार्यसम्पादन प्रतिवेदन, सामाजिक उपलब्धी, परिणाम र प्रभावसम्बन्धि अभिलेखहरु अध्ययन गरिएको थियो । उल्लिखित सामग्रीको अध्ययन पश्चात संस्थाको सामाजिक जिम्मेवारी, कार्यसम्पादन स्तर तथा उत्तरदायित्वका सैद्धान्तिक पक्षहरुको पहिचान गरी अध्ययनका लागि आबश्यक सूचकहरु तर्जुमा गरिएको थियो ।

### १.५.२. स्थलगत अवलोकन, निरीक्षण :

संस्थाले गरेका कामहरुको स्थलगत अवलोकन र निरिक्षण गरि सम्पन्न क्रियाकलापको वास्तविक उपलब्धी र प्रभावकारिता मुल्यांकन गरिएको छ । कार्यक्रमहरु कत्तिको प्रभावकारी भएका छन् भन्ने बिषयमा स्थलगतरुपमा प्रत्यक्ष अवलोकन गरी सरोकारवाला र लाभग्राहीहरुसँग छलफल गरेर त्यसको लेखाजोखा गरिएको छ ।

### १.५.३. अन्तर्वार्ता :

सामाजिक परीक्षणका क्रममा तयार गरिएका बिभिन्न सूचकहरुको आधारमा संस्थागत सुशासन, वित्तिय कार्यसम्पादनको अबस्था, सामाजिक जिम्मेवारी वहनका बिषयमा लाभग्राही, परियोजना अनुगमन तथा समन्वय समितिका पदाधिकारी, सदस्य, उद्यमी किसान, पालिका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्य, वडा स्तरका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, कृषी, पशु शाखा प्रमखु र अन्य सरोकारवालासँग अन्तर्वाता गरिएको छ । यसबाट कार्यक्रमको प्रभावकारिता मुल्यांकन गर्न सहज भएको छ ।

### १.५.४. समूह छलफल :

सामाजिक परिक्षणको विधि, प्रक्रिया, कार्यक्षेत्र, संस्थाको विधान, नियमावली, कार्यबिधि, नीति, नियम, बार्षिक कार्यक्रम, कार्यक्रमका उपलब्धी, प्रभावकारिता, चुनौती र सम्भावनाका बिषयमा हेफर प्रोजेक्ट नेपालका प्रतिनिधि, संस्थाका अध्यक्ष, परियोजना संयोजक, संस्थाका पदाधिकारी र फिल्ड कर्मचारीहरुसँग बिभिन्न चरणमा प्रारम्भिक छलफल तथा अन्तर्क्रिया गरिएको थियो । संस्थाका पदाधिकारी तथा कर्मचारीसँग पनि छलफल तथा अन्तर्क्रिया गरिएको थियो ।

यसैगरी अन्तरवार्तामा समेटिन नसकेका बिषयमा थप प्रष्ट हुन र कार्यक्रमको प्रभाव मुल्यांकन गर्न स्थलगतरुपमा नै परियोजनाका लाभग्राहीसँग समूह छलफल गरिएको थियो । यसबाट कार्यक्रमको प्रभाव र उपलब्धी मापन गर्न निकै सहयोग मिलेको छ ।

यसैगरी परियोजना सञ्चालनको अनुभव, कार्यक्रमको प्रभावकारिता, समस्या, चुनौती र समाधानका उपायका बिषयमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगाएत कार्यपालिका सदस्य, वडा अध्यक्ष र सदस्यहरुसँग समूह छलफल तथा अन्तर्क्रिया गरिएको थियो ।

### १.५.५. प्रतिवेदनको तयारी तथा सार्वजनिकिकरण :

दस्तावेज अध्ययन, स्थलगत अध्ययन, अवलोकन, निरिक्षण, अन्तर्वार्ता, समूह छलफल लगाएतका सामाजिक परिक्षणका सबै प्रक्रिया पूरा गरीसकेपछि प्रतिवेदनको प्रारम्भिक खाका लेखनको काम सम्पन्न गरियो । त्यसपछि परियोजना अनुगमन तथा समन्वय समिति, जनप्रतिनिधि, गाउँपालिकाका शाखा प्रमुख, संस्थाका पदाधिकारी, हेफर प्रोजेक्ट नेपालका प्रतिनिधि र लाभग्राहीको उपस्थितमा अन्तर्क्रिया कार्यक्रम आयोजना गरी सामाजिक परिक्षण प्रतिवेदनको मस्यौदा सार्वजनिक गरिएको थियो । प्रतिवेदन सार्वजनिक भएपछि सहभागीहरुले बिभिन्न बिचारहरु राखेका थिए । प्रतिवेदनबारे उठेका बिषयहरुलाई पृष्ठपोषणका रुपमा लिई अन्तिम प्रतिवेदनमा समावेश गरिएको छ ।

### १.५.६. अन्तिम प्रतिवेदन तयारी :

परियोजना अनुगमन तथा समन्वय समिति, गाउँ कार्यपालिका, अन्य जनप्रतिनिधि, गाउँपालिकाका शाखा प्रमुख, संस्थाका पदाधिकारी, हेफर प्रोजेक्ट नेपालका प्रतिनिधि र लाभग्राहीको उपस्थितिमा सम्पन्न अन्तर्क्रिया कार्यक्रममा सार्वजनिक भएको सामाजिक परिक्षण प्रतिवेदनमा प्राप्त सुझावहरु समेटी कार्यबिधिमा उल्लिखित बिषय क्षेत्रहरु नछुटाई अन्तिम प्रतिवेदन तयार गरी संस्थामा पेश गरिएको थियो ।

## १.६. सामाजिक परिक्षणका कार्यक्षेत्र :

यस सामाजिक परिक्षणले संस्था र परियोजनाका निम्न बिषय क्षेत्र समेटेको छ :

**क. संस्थागत सुशासन :** यसभित्र संस्थाको उद्धेश्य, नीति, रणनीति, संयन्त्र तथा काम गर्ने परिपाटीका बिषयमा अध्ययन गरिएको छ ।

**ख. परियोजनाको योजना तथा कार्यान्वयन प्रबन्ध :** यस अन्तर्गत परियोजनाका मुख्य गतिबिधिहरु, बजेट, लक्ष्य, उपलब्धी, सिकाई, चुनौती, गतिबिधिहरुको गुणस्तर सुनिश्चित गर्ने प्रक्रिया लगाएतका बिषयहरुको अध्ययन र मुल्यांकन गरिएको छ ।

**ग. वित्तीय व्यवस्थापन तथा कार्यसम्पादन स्तर :** यसमा संस्थाको बजेट र खर्चको स्थिती, वित्तीय नीतिहरु, कार्यक्रम तथा व्यवस्थापन लागत र बजेट प्रक्षेपण बिधिलाई मुख्य आधार मानी अध्ययन गरिएको छ ।

**घ. सम्बन्ध तथा सहकार्य :** साझेदार निकायहरु, समुदायको सहभागिता र योगदान, सरोकारवालाहरुको पहिचान र उनीहरुसँगको सहकार्य तथा सम्बन्धित सञ्जालहरुमा सहभागिता जस्ता बिषयमा अध्ययन गरिएको छ ।


## १.७. सामाजिक परिक्षणका सिमा

पालिकाका मुख्य मुख्य कामहरुको नमूना सामाजिक परिक्षणमा समावेश गरिएको छ । गाउँपालिकाका १ देखि ६ सम्मका सबै वडाका कामहरु हेर्न समय अभावका कारण सम्भव भएको छैन । प्रतिनिधिमुलक कामहरुको स्थलगत अध्ययन, अवलोकन गरी समूह छलफल र अन्तर्वाता गरिएको छ ।


गाउँपालिकाका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, परियोजना अनुगमन तथा समन्वय समिति, गाउँपालिकाका कृषी, पशु शाखा, लाभग्राही कृषक, सहकारी, मूल समूह, उपसमूह तथा उद्यमी किसानलाई नमूनाका रुपमा छनौट गरी त्यसका आधारमा कार्यक्रमको मुल्यांकन गरिएको छ ।

## १.८. सामाजिक परिक्षणको आकार :

सामाजिक परिक्षण गर्दा बिभिन्न वडाका लाभग्राही, समूहका सदस्य, कृषक, गाउँका अगुवा, गाउँपालिकाका शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, अध्यक्ष, उपाध्यक्ष लगाएतका जनप्रतिनिधिहरुसँग गरी ५१ जनासँग अन्तर्वाता, समूह छलफल र कुराकानी गरिएको छ । जसको लैंगिक विवरण निम्नानुसार छ :




**सामाजिक परीक्षणमा सहभागीको जातीगत विवरण :**



# खण्ड दुई : परियोजनाको परिचय

## २.१. परियोजनाको परिचय :

माडी गाउँपालिकाले कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी पालिका क्षेत्रमा रोजगारमुलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्ने उद्देश्यले “साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यबिधि २०७९” पारित गरेको छ ।

यसै अनुरुप गैरसरकारी संघ संस्था वा निजी क्षेत्र र गाउँपालिकाबीचको सहकार्यमा कृषि तथा पशुवस्तुमा आधारित रही गरिवी निवारणका योजनाहरु सञ्चालन गर्ने उद्देश्यले हेफर प्रोजेक्ट नेपाल तथा स्थानीय गैसस ग्रामीण विकास तथा चेतना समाज (रुडास) नेपालको साझेदारीमा सञ्चालन गर्ने गरी बहुवर्षिय “कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता परियोजना” सञ्चालन भएको हो ।

हेफर प्रोजेक्ट नेपालले विगत लामो समयदेखी नेपालका विभिन्न जिल्लाहरूमा पशुवस्तु तथा कृषि उपजहरूको उत्पादन तथा उत्पादकत्व प्रवर्धनका क्षेत्रमा विभिन्न परियोजनाहरू सञ्चालन गर्दै आइरहेकोछ ।

उक्त परियोजनाहरूको तर्जुमा तथा कार्यान्वयन स्थानीय सरकारहरूको अगुवाई तथा लागत साझेदारीमा हुँदै आएकोछ । यसै सन्दर्भमा हेफर प्रोजेक्ट नेपालले सन् २०२० देखी नेपालका २१ जिल्लाहरूमा कृषि तथा पशु उद्यमशिलता विकास परियोजनाहरू सञ्चालन गर्दै आएको छ । उक्त परियोजनाहरूमा हेफरको तर्फवाट ३० प्रतिशत र स्थानीय सरकारको ७० प्रतिशत लागत साझेदारी रहेको छ । माडी गाउँपालिकामा पनि सोही प्रावधान अनुसार नै काम भैरहेको छ ।

यस परियोजनाको अबधि २९ महिना (२०७९ माघ १८ देखि २०८२ असार १५ सम्म) को रहेको छ । कार्यक्रम थप गर्न आ. व. २०८२/०८३ को बजेटमा गाउँपालिकाले १ करोड रुपयाँ विनियोजन गरेको छ । परियोजना गाउँपालिकाका ६ वटै वडाहरुमा सञ्चालन भएको छ ।

यस परियोजना व्यवस्थापनको नेतृत्व हेफर प्रोजेक्ट नेपालले गरेको छ भने परियोजनाको कार्यान्वयनको मुख्य जिम्मेवारी स्थानीय साझेदार संस्था ग्रामीण विकास तथा चेतना समाज (रुडास) नेपालको छ ।

## २.२. परियोजनाको सिद्धान्त र कार्यशैली :

हेफरले “मूल्यमा आधारित सर्वाङ्गीण सामुदायिक विकास पद्धति” को मुटुको रुपमा १२ वटा विभिन्न मूल्य मान्यताहरुलाई मार्गदर्शक सिद्धान्तको रुपमा प्रयोग गर्दै आएको छ । यिनै मूल्य मान्यता र निर्देशक सिद्धान्हरुलाई “न्यायोचित एवम् दिगो विकासका लागि हेफरका आधारशिलाहरू भनिन्छ । यी

आधारशिलाहरुले समुदायको क्षमतालाई पहिचान गरी दिगो विकासको लक्ष्य हासिल गर्न सहयोग गर्दछ । समूहका प्रत्येक परिवारलाई उपहार स्वरुप उपलब्ध गराइएका पशुवस्तु, ज्ञान र सीप, घाँसका बिउ तथा बिरुवा लगायत हेफरका आधारशिलाहरुले गरिबीको मूल कारणतर्फ सदस्यहरुको चेतना अभिवृद्धि गराई समुदायको विकासका लागि विकल्पहरुको खोजी गर्न पनि प्रोत्साहित गर्दछ ।

## २.३. परियोजनाको उद्धेश्य :

- गरिव र विपन्न परिवारका १३६० (१३०० महिला र ६० युवा उद्यमी) जनालाई ५५ वटा स्वावलम्वी समूहहरू र सहकारीमा आबद्धता गरी सामाजिक पूँजीको अभिवृद्धि गर्ने ।
- उन्नत कृषि व्यवसाय (फलफुल र मसलाबाली), सुधारीएको पशु व्यवस्थापन र उन्नत प्रविधिहरूको अनुशरणबाट दुध र वाखाको उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्ने ।
- बाखा विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण श्रृजना गर्ने ।
- परियोजनामा आवद्ध परिवारहरुलाई कृषि उद्यममा संलग्न गराउने ।
- लक्षित आपुर्ति श्रृंखलालाई सुदृढ बनाउन सकारात्मक वातावरणको सृजना गर्ने ।
- साना किसानहरुले उत्पादन गरेका कृषि तथा पशु उपजहरुलाई बजारीकरण गर्न सहजीकरण गर्ने ।
- सानाकिसान तथा आपूर्ती श्रृंखलामा आवद्ध आपूर्तीकर्ता, व्यापारी तथा निजी क्षेत्रको पहुँच अभिवृद्धि गर्ने ।
- साना किसानहरुको वित्तिय पहुँच अभिवृद्धि गर्ने ।


# खण्ड तीन : सामाजिक जिम्मेवारी वहन गर्ने क्षमताको लेखाजोखा

यस संस्थाको सार्वजनिक सेवा प्रवाह तथा सामाजिक जिम्मेवारी वहन गर्ने क्षमताको लेखाजोखा सुशासन (व्यवस्थापन र सञ्चालन) ऐन २०६४, सूचनाको हक सम्बन्धी ऐन २०६४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय योजना आयोगले विकासको सन्दर्भमा अवलम्बन गरेका नीतिहरु, गैसस सुशासन निर्देशिकाहरु, समाज कल्याण परिषदका नीति तथा निर्देशिकाहरु, नेपालमा कार्यरत अन्तराष्ट्रिय गैससहरुको सञ्जालले तयार गरेको सामाजिक परीक्षण कार्यविधिमा आधारित भई गरिएको छ ।

यस संस्थाको सामाजिक जिम्मेवारी बहन गर्ने क्षमताको लेखाजोखा मुख्य गरी संस्थागत सुशासन, कार्यक्रम, उपलब्धि तथा कार्यान्वयन प्रक्रिया, वित्तिय व्यवस्थापन र सम्बन्ध व्यवस्थापन जस्ता ४ वटा विषय क्षेत्रहरुको आधारमा गरिएको थियो । उक्त विषय क्षेत्र अन्तर्गत मुख्य गरी जम्मा २१ वटा सूचकहरुको आधारमा लेखाजोखा गरिएको थियो ।

सूचकहरु कार्यान्वयनको अवस्थाबारे सम्बन्धित सरोकारवालाहरुसँग छलफल गरी सूचकहरुको कार्यान्वयनको स्थितिको पहिचान गरिएको थियो । उक्त क्रममा कुनै पनि गतिविधि नभएको '0', सूचक हाँसिल गर्न खासै ध्यान नदिएको वा कमजोर अवस्था '१', सूचक हाँसिल गर्न केही कार्यहरु गरेको '२', सूचकहरुमा उल्लेख गरिएका धेरैजसो पक्षहरु संस्थाले हाँसिल गरिसकेको अवस्था '३' र कार्यान्वयनको अधिकतम अवस्था '४' मानिएको थियो । उक्त अध्ययनको नतिजालाई निम्न अनुसारको चित्रमा प्रस्तुत गरिएको छ :

***सामाजिक जिम्मेवारी वहन गर्ने क्षमताको लेखाजोखा***



## ३.१. सामाजिक जिम्मेवारी बहनको स्थिति :

सामाजिक जिम्मेवारी वहनका सूचक अनुसारको विस्तृत विवरण निम्न अनुसारको तालिकामा प्रस्तुत गरिएको छ :

### ३.१.१. संस्थागत सुशासन

| सूचकहरु | विद्यमान अवस्था | सुझावहरु |
|---|---|---|
| क. साधारण सदस्य, कार्यकारी तथा कर्मचारीहरु (साधारण सभा, सदस्यता वितरण प्रक्रिया, दक्ष कर्मचारीहरुको उपलब्धता, कर्मचारीको छोड्ने दर) | ३ | संस्थाले नियमित साधारणसभा लगाएतका संस्थागत सुशासनका कामहरु गर्दै आएको छ । कार्यालयमा कार्यसमिति, साधारण सदस्य, सदस्यता वितरण प्रक्रिया र कर्मचारीहरुको योग्यता, विज्ञतासहितको विवरण सबैले देख्ने गरी राख्दा राम्रो हुने । कर्मचारी परिवर्तन हुने गरेकाले आगामी दिनमा कर्मचारीहरुको स्थिरतामा ध्यान दिनुपर्ने देखिन्छ । |
| ख. कार्यसमिति गठन प्रक्रिया, बैठक, निर्णयहरु, कार्ययोजना, अधिकार प्रत्यायोजन प्रक्रिया, उपसमितिहरु (कार्यसमितिको सक्रियता, निर्णय प्रक्रिया, उप समितिहरुको सक्रियता, कर्मचारी तथा कार्यसमितिबीच अन्तर्क्रिया) | ३ | कार्यसमिति गठन, निर्णय प्रक्रिया, कार्यसमितिको सक्रियता राम्रो छ । बिभिन्न उपसमितिहरु गठन गरेर काम गर्दा राम्रो हुने देखिन्छ । कर्मचारी र कार्यसमितिबीचको अन्तर्क्रिया बढाउँदा राम्रो हुने । |
| ग. संस्थाको उद्देश्यहरु, लक्ष्य र हालको लक्षित समुहहरु, नीतिगत व्यवस्था, (दिर्घकालीन उद्देश्यहरुको तर्जुमा, उद्देश्य तथा लक्षित समुहहरु र संस्थाका गतिविधिहरु) | ३.५ | संस्था उद्देश्य र लक्ष्य तय गरेर लक्षित समूहसम्म पुगेको छ । लक्ष्यमा पुग्ने कुरालाई महत्व दिएर यसलाई निरन्तरता दिनुपर्छ । |
| घ. संस्थाको सांगठनिक ढाँचा तथा कर्मचारीहरुको तहगत विवरण | २.५ | यसको विवरण कार्यालयमा सबैले देख्ने गरी राख्दा राम्रो हुने । |
| ङ. विद्यमान नियम, कार्यविधिहरु, नीतिहरु - आवश्यक कार्यविधिको तर्जुमा, नियमित समीक्षा तथा कार्यान्वयनको स्थिति, आचारसंहिता) | ३ | नियम, कार्यबिधि, नीति बनाएर काम गरेको देखिन्छ । आचारसंहिता तयार पारी लागू गराउने र कार्यालयमा टाँस्नुपर्ने देखिन्छ । |
| च. संस्थाको कार्यक्रम तथा गतिविधिहरु सञ्चालन गर्ने मुख्य वित्तिय तथा आर्थिक स्रोतहरु, साधन स्रोत जुटाउने तौरतरिका | ३ | संस्थाले नियमितरुपमा आर्थिक स्रोतहरु जुटाएर गतिबिधिहरु सञ्चालन गरिरहेको छ । थप स्रोतहरु खोजेर जिल्लाभर नै कार्यक्रम सञ्चालन गर्न सकिन्छ । |

### ३.१.२. कार्यक्रम, उपलब्धि तथा कार्यान्वयन प्रक्रिया

| सूचकहरु | विद्यमान अवस्था | सुझावहरु |
|---|---|---|
| क. कार्यक्रम कार्यान्वयन ढाँचा (कार्यक्रम कार्यान्वयनको संरचना : पालिका, गाउँ, जिल्ला स्तरमा निजी संरचनाहरु) | ३.५ | कार्यक्रम जिल्लादेखि पालिका तहमा सञ्चालन भैरहेको छ । कार्यक्रमको ढाँचा तथा संरचना ठिक छ । |
| ख. योजना कार्यान्वयन प्रक्रियामा सरोकारवालाहरुको सहभागिता, लक्षित समुहहरु छनौट, समुह निर्माण | ३ | योजना कार्यान्वयन प्रक्रिया स्थानीय तहको समन्वय र सहकार्यमा सञ्चालित छ । लक्षित समूह छनौटमा स्थानीय तहभन्दा संस्थाले भूमिका खेल्नुपर्ने सुझाव छ । स्थानीय जनप्रतिनिधिहरुलाई दवावहरु आउने भएकाले निष्पक्ष नहुने जोखिम रहन्छ । |
| ग. लक्ष्यसँग तुलना सहित मुख्यमुख्य उपलब्धीहरु (उत्पादन तथा सेवाहरु र यसको कभरेज) | ३ | लक्ष्य अनुसारका कामहरु भएका छन् । भएका कामका उपलब्धीहरु देखिएका छन् । कतिपय लक्षित कार्यक्रम समयमा हुन सकेका छैनन् । अबदेखि योजना अनुसार सबै क्रियाकलाप समयमै गर्नुपर्ने देखिन्छ । |
| घ. पृष्ठपोषण तथा  सूचना प्रवाहको विधि, सूचना तथा सञ्चार सामाग्रीहरु | २.५ | नियमितरुपमा परियोजना अनुगमन तथा संयोजन समितिको बैठक बसेर हरेक गतिबिधिमा छलफल गर्ने र समिक्षा गरेर पृष्ठपोषण लिने गरिएको छ । सञ्चारका माध्यमहरुबाट पनि सार्वजनिक सूचनाहरु सम्प्रेषण गर्दा अझ राम्रो हुने देखिन्छ । बिभिन्न सूचना तथा सञ्चार सामग्री बनाएर प्रचारप्रसार गर्नुपर्ने देखिन्छ । |
| ङ. परियोजनाको गुणस्तरियता मापन प्रक्रिया ( समय, लागत तथा गुणस्तरियता मापन प्रक्रिया) | २.५ | परियोजनाको गुणस्तर मापनका लागि वडा र पालिका स्तरीय अनुगमन समिति र सरोकारवालाहरुबाट अनुगमन गरी सुझावहरु लिने गरिएको छ । अबदेखि अनुगमन गर्दा चेकलिष्ट बनाएर बिभिन्न सूचकका आधारमा गुणस्तर मापन गर्दा राम्रो हुन्छ । |
| च. उपलब्धि मापन गर्ने आधारहरु, लेखाजोखा तथा अनुगमन प्रतिवेदनहरु (समीक्षा बैठक, सरोकारवालाहरुको सहभागिता, नतिजामा आधारित अनुगमन पद्धतिको विकास, अनुगमनसम्बन्धि क्षमता, लाभग्राहीको | ३ | उपलब्धी मापनका लागि नियमित अनुगमन, समिक्षा बैठक र सामाजिक परिक्षण गरिएको छ । यसमा बिभिन्न सरोकारवालाहरुको सहभागिता हुने गरेको छ । लाभग्राहीको पनि सन्तुष्टिको स्तर मध्यमखालको छ । आगामी |

| | | |
|---|---|---|
| सन्तुष्टिको स्तर) | | दिनमा अनुगमन पद्धतीलाई सूचकमा आधारित बनाउँदा थप प्रभावकारी हुन्छ । |

### ३.१.३. वित्तिय व्यवस्थापन तथा कार्य सम्पादन स्थिति

| **सूचकहरु** | **विद्यमान अवस्था** | **सुझावहरु** |
|---|---|---|
| क. वित्तीय सूचनाहरु प्रवाह (सूचना प्रवाह अवस्था, सामाग्रीहरुको प्रयोग, विधि) | ३ | वित्तीय सूचनाहरु परियोजना अनुगमन तथा संयोजन समिति र लाभग्राहीलाई दिने गरिएको छ । यसलाई अझै प्रभावकारी बनाउन सार्वजनिक सुनुवाई जस्ता बिधिहरु पनि प्रयोग गर्न सकिन्छ । |
| ख. बजेटको समिक्षा, सरोकारवालाहरुलाई बजेटबारे जानकारी, पारदर्शिता -लक्षित वर्गहरु, सरोकारवालाहरु, दातृ निकायहरु, नियमन निकायहरुलाई परियोजनाको वित्तिय अवस्थाको जानकारी) | ३ | परियोजना अनुगमन तथा संयोजन समिति, लाभग्राही तथा लक्षित वर्गलाई बजेटको जानकारी दिएर नै कार्यक्रम गर्ने गरिएको देखिन्छ । दातृ निकाय र नियामक निकायलाई नियमित प्रतिवेदनमार्फत जानकारी दिएको देखिन्छ । यसलाई निरन्तरता दिनुपर्छ । |
| ग. सरोकारवाला निकायको संस्थाप्रति विश्वास | ३ | सरोकारवाला निकायले संस्थाप्रति राम्रो बिश्वास गरेको देखिन्छ । केही गुनाशाहरु भए पनि त्यसको सम्बोधन गर्ने गर्नुपर्छ । |
| घ. बजेट योजना तथा खर्च स्थीति, स्थानीय स्रोतको परिचालनको अवस्था | २.५ | योजना अनुसार सबै रकम खर्च भएको छ । केही कार्यक्रम हुन सकेका छैनन् । आगामी दिनमा लक्षित कार्यक्रम सम्पन्न गर्ने गरी बजेट खर्च गर्नुपर्ने देखिन्छ । |
| ङ. बजेट प्रक्षेपण स्थिति, विधि तथा प्रक्रियाहरु ( विषय क्षेत्रहरुमा बजेट प्रक्षेपण तथा सो को कार्यान्वयन स्थिति) | ३ | बजेटको प्रक्षेपण योजना, क्रियाकलाप अनुसार गरिएको छ । कतिपय योजनामा प्रक्षेपण गरिएको बजेटभन्दा बीचमा संशोधन गरी कम बढी खर्च भएको देखिन्छ । आगामी दिनमा पहिले नै क्रियाकलाप तयार गरी बजेट प्रक्षेपण गर्नुपर्ने देखिन्छ । |

### ३.१.४. सम्बन्ध व्यवस्थापन

| **सूचकहरु** | **विद्यमान अवस्था** | **सुझावहरु** |
|---|---|---|
| क. संस्थाको परियोजना कार्यान्वयन विधि ( साझेदारीताको अभ्यास, साझेदारको भूमिका, परियोजना तथा गतिविधिहरुमा योगदान) | ३ | परियोजनामा साझेदारी बिधि उत्कृष्ट छ । स्थानीय सरकारसँग साझेदारी गरेर काम गर्नु नयाँ अभ्यास हो । यसमा |

| | | |
|---|---|---|
| | | साझेदारहरुको पनि राम्रो समन्वय र योगदान देखिन्छ । आगामी दिनमा साझेदार निकायहरुबीच आबधिक बैठक गरेर परियोजनाको कार्ययोजना निर्माण, समिक्षा र योजना परिमार्जनका कामहरु नियमित गर्नुपर्ने देखिन्छ । |
| ख. संस्थाको नेटवर्क, एलायन्समा संलग्नता | ३ | संस्थाले पालिकाका सबै वडा र पालिका स्तरमा परियोजना अनुगमन तथा संयोजन समितिहरु निर्माण गरेको छ । वडा तहमा बिभिन्न मूल समूह र उपहार समूहहरु छन् । यसमा सबै लक्षित बर्गको सहभागिता छ । समूह र सञ्जालहरुलाई नियमित परिचालनमा अझै ध्यान दिनुपर्ने देखिन्छ । |
| ग. प्रशंसा तथा सम्मान | २ | लक्षित समूहसम्म पुग्दा प्रशंसा र सम्मानजनक प्रतिक्रिया पाइएको छ । |
| घ. दाता तथा साझेदारहरुसंगको नियमित अन्तर्क्रिया, बैठक, संस्थाका गतिविधिहरुमा उपस्थिति | ३ | यो निकै प्रभावकारी देखिन्छ । हरेक गतिबिधिमा दाता र साझेदार संस्थाबीच नियमित बैठक, अन्तर्क्रिया भएको देखिन्छ । यसलाई थप प्रभावकारी र नियमित बनाउँदै लैजानुपर्छ । |
| ङ. सरोकारवालाहरु, सरकारी प्रतिनिधिहरु, दातृ समुदायहरुसँग संस्थाले हाँसिल गरेका उपलब्धि तथा सिकाईहरुको आदानप्रदान | ४ | सिकाई र उपलब्धी आदानप्रदानमा पनि सरोकारवाला, दातृ निकाय र सरकारी प्रतिनिधिले नियमितरुपमा काम गरिरहेको देखिन्छ । यसलाई निरन्तरता दिएर नियमित समिक्षा र सिकाई आदानप्रदान गरिरहनुपर्ने देखिन्छ । |

# खण्ड-चार : परियोजनाको लेखाजोखा

### ४.१. परियोजना अन्तर्गत सञ्चालित कार्यक्रमहरु :




### ४.२. परियोजनाका मुख्य उपलब्धीहरु :

सामाजिक परिक्षणका क्रममा गरिएको स्थलगत अवलोकन, निरिक्षण, बिभिन्न सेवाग्राही, सरोकारवाला, नागरिक समाज र स्थानीय सरकारका प्रमुखहरुसँग गरिएको अन्तर्वाता र छलफलबाट यस परियोजनाबाट सञ्चालित कार्यक्रमका निम्न अनुसारका उपलब्धीहरु देखिएका छन् :

- परियोजना सञ्चालन भएपछि मूल समूह १४, उपहार समूह ३८ र युवा उद्यमी समूह ६ गरी जम्मा ५८ वटा समूह गठन भई त्यसमा १४५८ परिवार आबद्ध भएका छन् ।
- आर्थिक अबस्था सामान्य भएका किसानहरु व्यवसायीक कृषि र पशुपालनमार्फत उद्यमी भैरहेको छन् ।
- पालिकामा महिलाहरुको सहकारी स्थापना भएको छ । समूहहरुलाई यसमा आबद्ध गर्ने क्रम जारी छ ।

- परियोजना किसानको आयआर्जन बढाउन र जीवन सुधार्न सहयोगी बनेको छ ।
- बिभिन्न तालिमले किसानहरुको कृषी र पशुपालनप्रतिको ज्ञान र चेतना बृद्धि भएको छ ।
- किसानहरुमा कृषी र पशुपालनप्रतिको सोच बृद्धि भई पशुलाई गर्ने व्यवहारमा परिवर्तन आएको छ ।
- खोरमा सुधार गर्दा बाखापालन फस्टाएको छ । बाखामा लाग्ने रोगहरुमा कमी भएको छ । बाखाको बृद्धि, विकास राम्रो भएको छ ।
- तालिम र समूहमा आबद्धतापछि महिलाहरुको क्षमता विकास भई आत्मबिश्वास बढेको छ ।
- निर्वाहमुखी खेती र पशुपालनको सोच परिवर्तन भई व्यवसायीक बन्ने क्रम बढेको छ ।
- किसानहरुले लसुन खेतीमा राम्रो प्रगति गरेका छन् ।
- किसानलाई अनुदान दिनेभन्दा उपहार कार्यक्रमले बढी प्रभावकारी र दिगो बनाएको छ ।
- यस परियोजनाले पालिकालाई नमूना गाउँ कार्यक्रममा जान प्रेरित गरेको छ ।
- यस परियोजनालाई अघि बढाउन पालिकाले आफ्नै सुझबुझमा आगामी आर्थिक बर्षको बजेटमा थप १ करोड रुपयाँ विनियोजन गरेको छ । पालिकाले परियोजनालाई यसरी अपनत्व ग्रहण गर्नु ठूलो उपलब्धी हो ।
- बिभिन्न समस्या, आलोचना र बेरुजुका वावजुद पनि पालिकाले यसलाई निरन्तरता दिनु उपलब्धीमुलक काम हो ।
- उन्नत जातका बोकाबाट नश्ल सुधार, पशुको बिमा र पशुको उपचार र उचित स्याहार भएको छ ।
- दुर्गम गाउँका महिला र युवाहरुले पनि तालिम र पशुपालनमा प्राबिधिक सहयोग पाएका छन् ।
- कमजोर र विपन्न किसानलाई लक्षित गरी सहायता गर्ने गरिएको छ ।
- युवाहरुलाई गाउँमै उद्यमी बन्न प्रोत्साहन मिलेको छ ।
- यस परियोजनामार्फत किसानहरुलाई बाखा उपहारा प्रदान गरी व्यवसायीक बाखापालनमा प्रेरित गरिएको छ ।

- कृषकलाई बिभिन्न जातका तरकारी र फलफुलका बिउ बितरण गरी व्यवसायीक खेतीतर्फ आकर्षित गरिएको छ ।

- किसानले करेसाबारी व्यवस्थापनको तालिम र सामग्री प्राप्त गरी यसको अभ्यास गरिरहेका छन् ।

- कृषकको उत्पादनलाई बजारसँग जोड्न तरकारी बोक्ने क्यारेट, तराजु र बजारीकरणको सिप प्रदान गर्ने गरिएको छ ।

- सिचाई पोखरी, रिचार्ज पोखरीहरु निर्माण भएका छन् ।

- बाखाको परजीवी नष्ट गर्न डिपिङ ट्यांकी निर्माण भएका छन् ।

- किसानलाई घाँसको बिउ बितरण गरी पशुपालनमा आकर्षित गरिएको छ ।

## ४.३. परियोजनाका समस्या, गुनाशा तथा चुनौतीहरु :

सामाजिक परिक्षणका क्रममा गरिएको स्थलगत अवलोकन, निरिक्षण, बिभिन्न सेवाग्राही, सरोकारवाला, नागरिक समाज र स्थानीय सरकारका प्रमुखहरुसँग गरिएको अन्तर्वाता र छलफलबाट परियोजना अन्तर्गत सञ्चालित कार्यक्रममा निम्न अनुसारका समस्या तथा चुनौतीहरु देखिएका छन् :


- तरकारी उत्पादन बृद्धिसँगै बजारको चुनौती छ ।
- तरकारी चाहेको समयमा बिक्री नहुने । अर्थात बजारिकरणमा समस्या भएको छ ।
- बिचौलीयाहरुले किसानबाट सस्तोमा तरकारी लिइरहेका छन् । यसका लागि कहिलेकाही तरकारी टिप्न लगाइसकेपछि मोलमोलाई गरेर सस्तोमा खरिद् गर्ने गरेका छन् ।
- तरकारी संकलन केन्द्र र हाटबजारको अभाव खड्किएको छ ।
- गाउँपालिकाको भौगोलिक विकटता र सडकको समस्याले तरकारी बजारसम्म लैजान समस्या छ ।
- परियोजनाको रकममा बेरुजु आउँदा जनतासमक्ष प्रत्यक्ष पुगेको बजेटमा किन बेरुजु भन्ने प्रश्न उब्जाएको छ ।
- यस परियोजनालाई पालिका आफैले सञ्चालन गर्नुपर्नेबारे छलफल भए पनि पालिकाको जनशक्ती अभाव छ ।
- पैंसा पालिकाको लगानी हुने तर कार्यक्रम हेफर नेपालको भन्ने सन्देश गएको छ भन्ने गुनाशा आइरहेका छन् ।
- अर्थात कार्यक्रम पालिकाकै हो, हेफर र रुडासले प्राबिधिक र जनशक्ती सहयोग गरेका छन् भन्ने कुरा सबैलाई बुझाउन नसकिएको गुनाशो छ ।
- समूहमा गाउँका केही परिवार मात्रै जोडिएका छन् । सबै किसानलाई जोड्न सकिएको छैन ।

- स्थानीय साझेदार संस्थामा कर्मचारी परिवर्तन भइरहदा कामको प्रभावकारितामा प्रभाव पर्ने गरेको छ ।
- कृषि तथा पशु प्राबिधिक चाहिएको समयमा उपलब्ध नहुँदा समस्या हुने गरेको छ ।
- बजारबाट जथाभावी औषधि तथा बिषादी दिंदा उल्टै उत्पादन नोक्सान हुने गरेको छ ।
- किसानले तरकारीको बिउ त पाए तर कतिपयले अनुभव र सिप नभएर उत्पादन गर्न सकेनन् ।


## ४.४. परियोजनाबारे गरिएको सामाजिक लेखाजोखाको नतिजा :

सामाजिक परिक्षणका क्रममा बिभिन्न मापदण्डमा आधारित रहेर परियोजनाको प्रभावकारीताबारे सरोकारवाला उत्तरदाताहरुसँग प्रश्नोत्तर गरिएको छ । जसको नतिजा निम्नानुसार छ :


### ४.४.१. परियोजनाले गरेका कामहरु कत्तिको प्रभावकारी छन् ?




४.४.२. परियोजनाले आफ्ना गतिविधि कत्तिको पारदर्शी गर्छ ?




४.४.३. परियोजनाले गरेका कामहरु कत्तिको उपलब्धीमुलक छन् ?



४.४.४. परियोजनाले कार्यक्रम गर्दा स्थानीय सरोकारवालासँग कत्तिको समन्वय गर्ने गरेको छ ?




# खण्ड-पाँच : सामाजिक परिक्षणका नतिजाहरु


सामाजिक परिक्षणका क्रममा परियोजना सञ्चालित क्षेत्रको स्थलगत अध्ययन, अवलोकन, लाभग्राही, उद्यमी किसान, जनप्रतिनिधि र परियोजना अनुगमन तथा समन्वय समितिसँग छलफल र अन्तर्वाता तथा प्रगति प्रतिवेदनहरुको अध्ययन गर्दा परियोजनाका निम्न अनुसारका नतिजाहरु प्राप्त भएका छन् :

### ५.१. परियोजना अन्तर्गत सम्पन्न गर्नुपर्ने र भएका मुख्य क्रियाकलापहरुको तुलनात्मक अध्ययन विवरण :


#### ५.१.१. समूह गठन




५.१.२. वडागतरुपमा समूहको विवरण :





५.१.३. परियोजनाबाट लाभान्वित संख्या :




५.१.४. लाभान्वित साना किसानहरुको जातीगत विवरण :





५.१.५. लाभान्वित युवा उद्यमीहरुको जातीगत विवरण .:




५.१.६. लाभान्वितहरुको लैंगीक विवरण :





५.१.७. समूह, सञ्जाल गठन तथा अभिमुखीकरण :




५.१.८. तालिम, अभिमुखीकरण :





५.१.९. बैठक:




५.१.१०. तालिम :





५.१.११. तालिम :




५.१.१२. तालिम, अनुगमन :





५.१.१३. बाखा, बोका उपहार, खोर सुधार र घाँसको बिउ बेर्ना बितरण :




५.१.१४. पशु तथा कृषि सहायता :





५.१.१५. पशु तथा कृषि सहायता :



५.१.१६. पशु तथा कृषि सहायता :




५.१.१७. युवा उद्यमशिलता, व्यवसायमा सहयोग :



## ५.२. सामाजिक परिक्षणका क्रममा स्थलगत अध्ययन, अवलोकन गरी लिइएका अन्तर्वातामध्ये केही नमूना उत्तरदाताका अनुभव तथा सुझावहरु :

### (१) मनराज घर्ती मगर

**अध्यक्ष, थुर्पा युवा उद्यमी समूह**

**माडी गाउँपालिका वडानं. ६, धामीगैरा टोल, रोल्पा**

म बाखापालन र तरकारी खेती गरिरहेको छु । बाखाको व्यवस्थीत खोर नहुँदा बर्षामा कता राख्ने भन्ने समस्या थियो । दिनभर खुला ठाउँमा जता राख्दा पनि हुन्थ्यो तर रातीमा समस्या हुन्थ्यो । डोरीले बाँधेर भित्र बाहिर गराउनुपर्थ्यो । हेफर, रुडास र गाउँपालिकाको कार्यक्रमबाट ३० हजार रुपयाँ पाएँ भने बाँकी आफैले लगानी गरें । अनि २ लाख रुपयाँ खर्च गरेर गत माघमा पिलरसहितको बाखाको खोर बनाएँ ।



यसअघि हामीले परम्परागत तरिकाले बाखापालन गर्दै आएका थियौं । जंगल नजिक भएकाले बाखापालन नै हाम्रो मुख्य र भरपर्दो पेशा हो । मैले अहिले ९ वटा बाखा पालेको छु । एक बर्षमा १

लाख बढीको खसीबोका बिक्री गर्छु । हाम्रो बाख्रा पाल्ने तरिका नमिल्दा पनि राम्रो उत्पादन हुन सकेको रहेनछ । बाख्राको कसरी स्याहार गर्ने, कसरी दान खुवाउने, कसरी पानी खुवाउने, कसरी रोगबाट बचाउने जस्तो ज्ञान पाएपछि बाख्राको राम्रो विकास भएको छ ।



नयाँ खोरमा फोहोर कम भएको छ । बाख्रालाई दाना, घाँस खुवाउन र सुरक्षित राख्न सहज भएको छ । बाख्रालाई पहिले किर्ना पर्ने, रोग लाग्ने, सिँगान आउने जस्ता समस्या धेरै हुन्थ्यो । अहिले यस्तो समस्या छैन । व्यवस्थीत खोर भैसकेपछि अब १० वटा माउ बाख्रा र एक बोका किनेर थप्ने योजनामा छु ।



मैले बंगुरपालन र तरकारी खेती पनि गरेको छु । बर्षमा २ लाख ५० हजार बढीको तरकारी बिक्री गर्छु । म पहिले इलेक्ट्रीक ओभरसियर थिएँ । साढे ६ बर्ष बिधुतमा काम गरें । त्यसपछि छोडेर कृषि कर्ममा लागें । अहिले ७ बर्ष भैसक्यो कृषि र पशुपालनमा लागेको ।

## (२) नरेश पुन

### युवा उद्यमी

### माडी गाउँपालिका वडानं. ६, सुकाखोला, रोल्पा

म युवा उद्यमी हुँ । मैले अहिले व्यवसायीक तरकारी खेती गरेको छु । मैले पहिले गाडी चालकको काम गर्थें । १२ बर्ष स्काभेटर चलाएँ । त्यो पेशा छोडेर एक बर्षदेखि तरकारी खेती गरेको छु । ५ रोपनी खाली भिरालो जमिन किनेर त्यसलाई व्यवस्थीत बनाएर तरकारी खेती गरेको छु ।

म युवा समूहमा जोडीएपछि हेफर, रुडास र गाउँपालिकाको कार्यक्रमबाट आधारशीला तालिम लिएँ । व्यवसायीक खेती गर्नुपर्छ भन्ने सिकें । अनि ३० हजार रुपयाँ टनेल बनाउन सहयोग पाएँ । यसले मलाई हौशला दियो ।



त्यसपछि परिवारका सबैजना मिलेर व्यवसायीक खेती गरेका छौं । थप २ रोपनी जग्गा भाडामा लिएर पनि खेती गरीरहेको छु । अझै पनि किनेको जमिन मिलाउँदै, झाडी फडानी गर्दै, टनेलहरु थप्दै टमाटर, काँक्री, भेडेखुर्सानी लगाएतको खेती गरेको छु । यो पहिले बाखा हराउने जंगल थियो । गाउँका मानिसहरुले के गर्न थालेको हो यो जंगलमा भन्थे । ४ लाखमा जमिन किनेको हो । २ लाख ५० हजार त डोजर लगाएर, मानिसहरु लगाएर यो जमिनलाई खेती गर्न लायक बनाउन खर्च लाग्यो । अहिले पाखैभरी तरकारी देखेर अचम्म मान्छन् ।



दाइ बलबहादुर पुनले पहिले काठमाण्डौमा तरकारी खेती, बंगुरपालन गर्नुभएको थियो । ९ बर्षपछि गतबर्ष गाउँमा आउनुभयो । अनि उहाँले उता सिकेको सिप पनि यता लगाएका छौं । दाइले पनि प्रेरीत गर्नुभयो । गाउँमा मोटरबाटो पुगेको छ तर बारी खाली छन् । यसरी हुँदैन भन्नुभयो । त्यती नै बेला गाउँपालिकाको कार्यक्रमले पनि हामीलाई समूहमा जोडेर व्यवसायीक खेती गर्न हौशला दियो, ज्ञान र सिप दियो ।



अहिले दुई भाइ र परिवारका सबै सदस्यहरु नै पूर्णरुपमा तरकारी खेतीमा लागेका छौं । हामीले उत्पादन राम्रो गरेका छौं तर बजारको समस्या छ । बर्षामा गाडी आउने बाटो छैन । बजारमा लिएर जाँदा सस्तोमा किन्न खोज्छन् । बिचौलीयाहरुले हामीबाट सस्तोमा लिएर बजारमा दोब्बर नाफा खान्छन् । मार हामीलाई पर्छ । भारतबाट आउने तरकारीले गर्दा पनि हाम्रो तरकारीले मूल्य पाउँदैन ।



धेरै व्यापारीसँग चिनजान छैन । बजारसँग जोडिन समस्या छ । वडामा एउटा तरकारी संकलन केन्द्र र गाउँपालिका स्तरमा एउटा हाटबजार भएमा हामीलाई तरकारीको मूल्य पाउन सहज हुन्थ्यो । प्रतिस्पर्धामा तरकारी बेच्न पाइन्थ्यो । अहिलेसम्मको अबस्था हेर्दा एक रोपनीबाट १ लाख १५ हजार आम्दानी गर्ने लक्ष्य छ । बार्षिक ७ लाख बढी कमाउन सकिन्छ ।

हामीलाई परियोजनाबाट नियमितरुपमा पाबिधिकहरु खटेर सहयोग गर्नुपर्छ । कतिपय किसानले मल, बिउ, बिषादी उचित प्रयोग गर्न नजानेर बिगारेको देखिन्छ । हामीले यस परियोजना अन्तर्गत नै भेटेनरी पसल राखेर प्राबिधिकको सिफारिशमा औषधि किन्ने व्यवस्था गरिदिए हुन्थ्यो ।

## (३) गौमाया पुन मगर

**अध्यक्ष, नयाँ गाउँ मूल समूह**

**माडी गाउँपालिका वडानं. ६, सुकाखोला, रोल्पा**

हामी समूहमा जोडीएपछि आधाशीला तालिम लियौं । त्यसबाट नेतृत्व विकास, एक अर्कालाई सहयोग गर्ने र गाउँ समाज सुधारका काम गर्ने सिक्यौं । पशु व्यवस्थापन तालिम पनि लियौं । त्यसबाट पशुपालनको सिप विकास भयो । पहिले हामी बोल्न डराउँथ्यौं, अहिले सबैसँग सजिलै बोल्न सकिन्छ ।



समूहका सबै दिदीबहिनीले अहिले तरकारी खेती, बाखापालन गरिरहनुभएको छ । हाम्रा पूर्खाले मकै, गहुँ मात्रै खेती गर्ने र आफूलाई खानपुग्ने कुरामा मात्रै ध्यान दिएँ । बिक्री गरी आम्दानी गर्ने कुरामा ध्यान पुगेन । अहिले हामीले व्यवसायीक कृषि र पशुपालनमा जोड दिएका छौं । मैले तरकारी खेती, सुन्तला खेती र बाखापालन गरेको छु ।

म सहकारीको सचिव छु । सहकारीमार्फत अब सबै दिदीबहिनीलाई जोडेर बजारीकरणमा सहयोग गर्ने योजना छ । समूहको बैठक बसेर नियमित बचत गर्ने गरेका छौं । अब सहकारी संस्था

स्थापना त्यसमा जम्मा गर्ने तयारी भएको छ । पहिलोपटक हामी समूह बनाएर बैठक बस्न सिक्यौं । समूहमा बसेदेखि बचत गर्न, ऋण लिन सिक्यौं ।



आधारशीला र पशु व्यवस्थापन तालिम लिएपछि पशुपालनमा सहयोग मिल्यो । पशु व्यवस्थापन, पालनपोषण, गोठ सुधार लगाएतका कुरा सिक्न पायौं । धेरै सदस्यहरुले सुधारिएको खोर बनाएर बाख्रा पालेका छन् । बाख्रालाई जुकाको औषधि खुवाउने, नियमित जाँच्ने काम भैरहेको छ । मैले बाख्रापालनबाट राम्रो आम्दानी गरेको छु । बार्षिक लाखौंको खसीबोका बेच्छु । सबै महिला सदस्यहरु लाभान्वित भएका छन् । हामीलाई कृषि औजारहरु अझै चाहिएको छ । त्यो सहयोग पाए हुन्थ्यो भन्ने लागेको छ ।

## (४) हरीयाली कृषि उपसमूह

**माडी गाउँपालिका वडानं. २,  पारीबाङ, रोल्पा ।**

हामी समूहमा ३१ जना सदस्य छौं । समूहमा बाख्रापालन, तरकारी खेती गरिरहेका छौं । हामीले आधारशीला र पशु व्यवस्थापन तालिम लिन पायौं । तालिमबाट हाम्रो क्षमता विकास भएको छ । हामी गाउँघर सरसफाई लगाएतका बिभिन्न चेतनामुलक काम पनि गर्छौं ।



बाख्रालाई खनिज ढिक्का बनाउन, घाँसखेती गर्न र व्यवसायीक तरकारी खेती गर्न सिकेका छौं । घाँसका बिरुवा पाएर धेरैले खेती गरेका छौं । समूहमा बोका, तरकारी तौल्ने डिजिटल तराजु, तरकारी बोक्ने क्यारेट पाएका छौं परियोजनाबाट ।

धेरैले सुधारीएको खोर बनाएर बाख्रा पालेका छौं । प्रत्येका महिना समूहको बैठक बसेर मासिक बचत गर्छौं । समूहमा खेती, पशुपालन र महिलाका समस्याबारे छलफल गर्छौं ।



गाउँमा बाख्राको परजीवी नष्ट गर्न डिपिङ ट्यांकी पनि बनेको छ परियोजनाबाट । हामीलाई सिचाई सुबिधा नभएर तरकारी खेतीमा समस्या छ । राम्रो लसुन खेती पनि गरेका छौं ।

## (५) लालचना घर्ती मगर

**माडी गाउँपालिका वडानं. २, पारीबाङ, रोल्पा ।**

मैले तीन बर्षदेखि तरकारी खेती गरेकी छु । हामीले पहिले बारीमा तरकारी लगाउने, जस्तो उब्जनी हुन्छ, त्यस्तै खाने गर्थ्यौं । कसरी राम्रो उब्जाउने भन्ने थाहा थिएन । अहिले समूहमा रहेर तालिम पाएपछि हामीलाई तरकारी खेतीको बारेमा धेरै थाहा भयो ।

अहिले टमाटर, खुर्सानीी, लसुन, काँक्रा लगाएका खेती गरेका छौं । परियोजनाबाट बिउ सहयोग भएको छ । तीन रोपनी जग्गामा खेती छ । बर्षमा ४ लाख रुपयाँ जतीको तरकारी बिक्री गर्छु । तरकारीको मूल्य सँधै राम्रो हुँदैन । कहिलेकाही सस्तो पनि बेच्नुपर्छ ।



टनेल बनाएर व्यवस्थीत रुपमा खेती गर्न सिकेपछि उत्पादन राम्रो भएको छ । पहिले तरकारी बेच्न पनि लाज लाग्थ्यो । गाउँमा बाँडेर सकिन्थ्यो । अहिले तरकारी बेचेर कमाउन थालेको छु । तरकारी बेचेको पैंसाको हिसाव राख्ने गरेको छु ।



## (६) सुनमाली बि. क.

**माडी गाउँपालिका वडानं. २, पारीबाङ, रोल्पा ।**

मैले १० बाखा पालेको छु । यस बर्ष ५ वटा खसीबोका बेचें । गत बर्ष परियोजजनाबाट २० हजार रुपयाँ सहयोग पाएँ । त्यसमा आफ्नो ६० हजार रुपयाँ थपेर ८० हजार रुपयाँमा खोर बनाएँ ।

आजसम्म पुरानो भुईमा बस्ने खोरमा राख्दै आएका थियौं । रुडास, हेफर र गाउँपालिकाबाट सहयोग पाएपछि नयाँ सुधारिएको खोर निर्माण गरें । व्यवस्थीत खोर भएपछि बाखाको स्याहार गर्न, दान खुवाउन, पानी खुवाउन र रोगबाट बचाउन सजिलो भएको छ ।

पशुपालन सम्बन्धी ज्ञान भएको छ । पशुपालनको बारेमा धेरै कुरा सिक्न पाइयो । के कसरी दाना खुवाउने, कसरी स्याहार गर्ने, कस्तो औषधि खुवाउने, बिरामी भएको कसरी थाहा पाउने जस्ता



सिप सिकेपछि बाखाको बृद्धि गर्न सजिलो भएको छ । अब बाखापालनलाई नै अघि बढाउने योजना छ । मलाई अझै अर्को खोर समेत चाहिएको छ ।

## (६) दिपा घर्ती मगर

**अध्यक्ष, कौरीखोला कृषि मूल समूह**

**माडी गाउँपालिका वडानं. १, भित्ताबाङ, रोल्पा ।**

हाम्रो समूहमा २५ जना सदस्य छौं । हामीले तरकारी खेती, कागती खेती गरेका छौं । यो गाउँ पिछडिएको छ । यहाँसम्म आउनेजाने राम्रो सडक छैन । गाउँपालिकाबाट यसअघि खासै कार्यक्रम पनि आएका थिएनन् । अहिले हामी समूहमा बसेपछि यहीं तालिम लिन पाइयो । आधारशिला र पशुपालन सम्बन्धी तालिम लियौं ।



महिनाको एकपटक बैठक बसेर बचत उठाउँछौं । समूहमा बसेर महिलाहरु पनि जागरुक भएका छन् । हाम्रो विकट गाउँमा बल्ल केही विकासका कार्यक्रम आए जस्तो भएको छ । समूहमा परियोजनाबाट मिनी टिलर पाइयो । यसैगरी स्प्रे पम्प, होल डिगर, सुन्तला टिप्ने, काट्ने भर्‍याङ, आरी, कैंची लगाएतका सामग्री सहयोग मिलेको छ ।

हामीले समूहमा आधारशीला, तरकारी खेती, फलफुल खेती तालिम लियौं । परियोजनाबाट तरकारी खेतीका लागि बेर्ना सहयोग पनि पाइयो । हामीलाई अझै पनि कृषि औजारहरु चाहिएको छ । अरु दिदीबहिनीहरुलाई पनि खेती गर्न सिकाइरहेका छौं ।

मैले कागती र तरकारी खेती गरेको छु । बर्षमा २ लाख ५० हजारको सुन्तला बिक्री गर्छु । श्रीमान् हरीप्रसाद घर्ती मगर पनि पूर्णकालीन रुपमा खेतीमै छन् । शुरुमा १६ बर्षअघि सल्यानको डाँगी गाउँबाट १ सय ५० बेर्ना लिएर सुन्तला खेती शुरु गरिएको हो । गाउँमा मकै खाने जमिन मासेर सुन्तला लगायो भनेर गाउँलेहरु गाली गर्थे ।



मैले २० वटा बाख्रा पनि पालेको छु । बर्षमा १ लाखको खसी बोका बेच्छु । बाख्रा, तरकारी, सुन्तला सबै बिक्री गर्दा बर्षमा ४ लाख बढी आम्दानी हुन्छ । यसले हामीलाई राम्रोसँग बस्न खान भएको छ । नियमित बचत गर्ने पनि भएको छ ।

## (७) धनीकला घर्ती बुढा मगर

**अध्यक्ष, श्रीमाडी सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड ।**

**माडी गाउँपालिका वडानं. १, भित्ताबाङ, रोल्पा ।**

म माडी गाउँपालिकाको पूर्व उपाध्यक्ष हुँ । मैले उपाध्यक्ष हुँदा कृषि र पशुपालन क्षेत्रमा धेरै नै चासो दिएर काम गरें । किसानका दुखसुख बुझेर काम गरें । त्यसपछि अहिले म तिनै कृषक दिदीबहिनीहरुको नेतृत्व गर्दै सहकारी संस्था स्थापना गर्न सफल भएको छु ।



अहिले हामी सहकारीमा ३५ जना सदस्य भएर दर्ता गरेका छौं । अब यसमा अन्य समूहका सदस्यहरुलाई जोड्दै, समूहमा भएको बचतलाई सहकारीमा लिएर जम्मा गर्ने हो । समूहलाई एकिकृत गर्दै उत्पादनलाई बजारीकरण गर्न सहकारीले मुख्य भूमिका खेल्ने छ ।

गाउँपालिकाभर ५५ वटा समूह छन् । ती सबै समूहलाई सहकारीमा जोडेर ५ सय सदस्य पुऱ्याउने लक्ष्य छ । यो परियोजना प्रत्यक्ष किसानसँग जोडिने भएकाले किसानलाई धेरै नै हौशला मिलेको छ । मैले पनि २ सय बढी सुन्तला र कागतीका बोट लगाएको छु । किवी खेती गरेको छु ।

यो परियोजनाले गाउँमा कृषि र पशु उत्पादन गर्नुपर्छ भन्ने सन्देश दिएको छ । सहकारीमार्फत उत्पादन र बजारीकरणमा जोड दिने हो । गाउँमा धेरै दिदीबहिनीहरु अझै छुट्नु भएको छ । सबैलाई बिस्तारै समूहमा जोडेर सहकारीमा आबद्ध गर्न पाए हुन्थ्यो भन्ने चाहना छ । महिलाहरु सहकारीको शेयर सदस्य बन्न पाउँदा झन उत्साहीत हुने देखिएको छ ।



गाउँमा ९० प्रतिशतले सुन्तला खेती गरेका छन् । सामूहीक खेतीको अभ्यास भएको छ । लसुन खेती पनि राम्रो भएको छ । गाउँमा सिचाई पोखरी चाहिएको छ । जतीसक्यो किसानलाई उत्पादनमा जोड्दै आत्मनिर्भर बनाउने काममा ध्यान दिनुपर्छ । उत्पादनलाई बजारसँग जोड्नुपर्छ ।

## (८) बिरभद्र बाँठा

**प्रमुख, पशु सेवा शाखा ।**

**माडी गाउँपालिकाको कार्यालय, रोल्पा**



यस परियोजनाबाट किसानले धेरै सुबिधा पाएका छन् । कृषकहरुको जीवनस्तर उकास्न टेवा मिलेको छ । पशुपालनमा व्यवसायीक सोच विकास भएको छ । पशुपालनका ज्ञानहरु सिकेका छन् । सेवा निश्चित समूहका सदस्यहरुले मात्र पाएकाले धेरै किसानहरु छुटेका छन् । यसलाई सबै गाउँमा बिस्तार गर्दै जानुपर्छ ।

कतिपय ठाउँमा एउटै खालका किसानले मात्रै सहयोग पाउने भएको छ । सबै किसानलाई आबश्यकताका आधारमा सहयोग गर्नुपर्छ । यसलाई दिगोपना कसरी बनाउने भन्नेमा ध्यान दिनुपर्छ । किसानलाई उत्पादन र बजारीकरणमा जोड्नुपर्छ । अनुदान, सहयोग पाउँदा किसान खुशी छन् तर लगानी अनुसार उपलब्धी भए नभएको मूल्यांकन गर्नुपर्छ । पालिकाबाट ७० प्रतिशत लगानी भएको छ यस परियोजनामा । गैरसरकारी संस्था र पालिकाको ५०/५० प्रतिशत लगानी हुनुपर्ने हो । यसो गर्दा किसानले पनि धेरै सहयोग पाउँथे, धेरै किसानले पाउँथे ।

कृषिको उत्पादन मात्रै गरेर हुँदैन । पहिले बजारको माग हेर्नुपर्छ । बजार सुनिश्चित गरेर मात्रै उत्पादन गर्दा किसानलाई बजारको समस्या हुँदैन । अनुदान मात्र दिंदा त्यत्तीकै दिएको जस्ता लाग्छ, बजारमा जोडिने गरी काम गरे उपलब्धी देखिन्छ । किसानले बाख्रापालनमा राम्रो गरेका छन् । खसीबोका त बिक्री हुन्छन् तर बाख्रा बिक्री हुँदैन । यसले अलि समस्या भएको छ ।

## (९) सोनु थापा

**प्रमुख, कृषि विकास शाखा ।**

**माडी गाउँपालिकाको कार्यालय, रोल्पा**



यस परियोजनाले शिक्षा र तालिमको पाटो हेरिरहेको छ । हामीले कृषिको प्राबिधिक सहयोग दिने गरेका छौं । यो परियोजनाको लक्ष्य साना किसानलाई उद्यमी बनाउने छ । थोरै लगानीमा कृषि व्यवसाय, पशुपालन गर्न खोज्ने किसानले सहयोग पाइरहेका छन् । यो राम्रो पक्ष हो ।

गरिव, विपन्न किसानले सहयोग पाउँछ तर ठूलो लगानी गरेर फर्म दर्ता गरी चलाएका किसानले पनि सहयोग पाउनुपर्ने भन्ने माग छ । यसअघि सरकारी निकायले दर्ता भएका कृषि फमलाई मात्र सहयोग गर्दै आएकोमा यो परियोजनाले साना किसानलाई बढी महत्व दिएको छ । जसका कारण सामान्य किसानले तालिम, प्राबिधिक ज्ञान पाएका छन् । व्यवसायीक कृषि बढ्दो छ ।

महिला किसानहरुलाई राम्रो चेतना प्राप्त भएको छ । किसानहरुले उत्पादन गरिरहेका छन् तर बजारमा समस्या छ । हाटबजार सञ्चालन भए बिचौलीयाले चलखेल गर्न पाउने थिएनन् । एकैठाउँबाट किसानले मोलमोलाई गरेर उचित मूल्यमा तरकारी बेच्न पाउँथे । कार्यक्रम बनाउँदा परियोजनाको टिम र हामी सँगै बसेर गर्न पाए अझ राम्रो हुने थियो ।

## (१०) इश्वरी प्रसाद गौतम

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

**माडी गाउँपालिकाको कार्यालय, रोल्पा**




यस परियोजनाले गाउँमा धेरै नै परिवर्तन ल्याएको छ । किसानको जीवनमा राम्रो प्रभाव पारेको छ तर महालेखा परिक्षकको कार्यालयले बेरुजु देखाएर समस्या भयो । हामीले यसलाई नमूना कार्यक्रमका रुपमा अघि बढाउने सोच बनाएका छौं ।

शुरुमा २०७९ माघमा यो परियोजनाको सम्झौता गर्दा म नै प्रमुख प्रशासकीय अधिकृत थिएँ । शुरुमा हामीले ५० लाख रुपयाँ विनियोजन गरेर परियोजना शुरु गरेका थियौं । त्यसपछि १ करोड रुपयाँ विनियोजन गरेका छौं ।

यसमा पालिकाको ७० प्रतिशत लगानी छ तर नाम हेफर प्रोजेक्टको मात्र आयो भन्ने गुनाशो छ । त्यसकारण यसको मोडेल परिवर्तन गरी माडी प्रोजेक्टका रुपमा कार्यक्रम अघि बढाउने सुझाव आएको छ । यस परियोजनाबाट सहयोग रकम सिधै किसानको हातमा पुगेको छ ।

यो परियोजना हामी आफैले गर्न हाम्रो जनशक्तीले पुग्दैन । यसमा परियोजनाका कर्मचारी नै छुट्टै चाहिन्छ तर उनीहरुको नेतृत्व र कार्यक्षमता भने देखिनुपर्छ । चेतनाको बिस्तार भएको छ । गाउँपालिका र संस्थाबीच सहकार्य गरेर कार्यक्रम सञ्चालन गर्दा प्रभावकारी भएको छ । कृषी र पशुपालनमा धेरै नै सहयोग भैसकेको छ ।

## (१२) जयपुरी घर्ति

**उपाध्यक्ष**

**माडी गाउँपालिकाको कार्यालय, रोल्पा**




यस परियोजना उपलब्धीमुलक भएको देखेपछि हामीले प्रत्येक बर्ष बजेट थप्दै गएका छौं । शुरुमा ५० लाख त्यसपछि १ करोड नै विनियोजन गर्दै आएका छौं । महालेखाले बेरुजु देखाउँदा पनि

हामीले किसानहरुसँग छलफल गरी, मूल समूहका अध्यक्षहरुको भेला गरी, स्थलगत अध्ययन अनुगमन गरी किसानका लागि यो कार्यक्रम जरुरी र उपलब्धीमुलक छ भन्ने भएपछि यस बर्षको बजेटमा पनि १ करोड विनियोजन गरेका छौं । यसले किसानको घरमा सहयोग पुग्न सहयोग गरेको छ ।

गाउँकै ७ जना युवाहरुले सामुदायीक सहजकर्ताका रुपमा रोजगारी पाएका छन् । कार्यक्रम सम्झौता अनुसार राम्रो पनि भएको छ । उपहार कार्यक्रमले महिलाहरुलाई उत्पादनमा हौशला थपेको छ । त्यत्तीकै अनुदान मात्रै दिंदा बाखा काटेर, बेचेर खाने समस्या थियो । उपहार दिनुपर्ने भएपछि उत्पादन गर्नैपर्ने भएको छ । बाखाको संख्या बढाउनैपर्ने भएको छ । यसले उत्पादनमा जोडेको छ ।

आधारशिल तालिमले महिलाहरु धेरै नै सशक्त भएका छन् । महिलाहरुको क्षमता विकास भएको छ । घरपरिवारले पनि राम्रो सहयोग गरेका छन्ल । महिलाहरुको आयआर्जन बढाउन यसले सहयोग गरेको छ । महिलाहरु कृषी र पशुपालनमा आकर्षित भएका छन् । गोठ सुधार कार्यक्रमले धेरै नै राम्रो काम गरेको छ । यस कार्यक्रमलाई निरन्तरता दिनुपर्छ भन्ने सबैको सुझाव छ ।

**(१३) अमर सिंह घर्ति मगर**

**अध्यक्ष**

**माडी गाउँपालिकाको कार्यालय, रोल्पा**




यस परियोजनालाई अब नमूना मोडेलमा लैजाने योजना छ । किसानहरुले बाखापालन, तरकारी खेती र लसुन खेती राम्रो गरेका छन् । सिचाई पोखरी, रिचार्ज पोखरी बनेका छन् । यसलाई अब कृषि र पशु मात्रै होइन प्रधानमन्त्री रोजगार कार्यक्रमसँग पनि जोड्ने र अन्य सेवाहरु पनि थप्दै जाने गर्नुपर्छ ।

एक घर, एक धारा, एक करेसाबारी, एक बगैचा, एक आँगन, एक गाउँ, एक रिचार्ज पोखरी जस्ता मापदण्ड बनाएर नमूना गाउँका रुपमा कार्यक्रम अघि बढाउनुपर्छ । अहिले भएको जनशक्तीले यो सबै गर्न भ्याउँदैन । सबै शाखाहरुलाई यसमा परिचालन गर्नुपर्छ ।

अहिले शहर पसेका मानिसहरु गाउँमा सम्भावना देखेर गाउँ पसिरहेका छन् । यहीं उद्यम र कृषि गर्न खोजिरहेका छन् । यो सकारात्मक पक्ष हो । गाउँपालिकामा ५७ टोल विकास संस्था छन् । हरेक टोलमा यो कार्यक्रम बिस्तार गर्नुपर्छ । हरेक टोलबाट २/२ जनालाई पशु र कृषि प्राबिधिकको तालिम दिएर प्राबिधिक सेवा गाउँमै पाउने व्यवस्था गर्नुपर्छ ।

अनि सबै टोलमा पालिकाको कन्ट्रोल रुममा बसेर प्रबिधिमार्फत ड्रोनबाट सेवा दिने सम्मको परिकल्पना छ । यसलाई मूर्तरुप दिन यो परियोजना सहयोगी हुने ठानेको छु । सडकमा ३० करोड बढी लगानी भैरहेको छ । कृषि र पशुमा १ करोड विनियोजन गर्दा पनि महालेखाले बेरुजु लेख्नु दुखद् पक्ष हो । हामीले किसानका लागि काम गर्दा पनि बेरुजु देखाउने काम ठिक भएन ।

यस परियोजनाबाट किसानलाई तरकारी खेती गर्न र पशुपालन गर्न सिकाइएको छ । पहुँच नभएका किसानहरुले पनि सहयोग पाएका छन् । कार्यक्रमको नियमित अनुगमन र कर्मचारीको सक्रियताले पनि यो कार्यक्रम बढी नै उपलब्धीमुलक भएको छ । कर्मचारीले रातदिन खटेर काम गरेका छन् ।

# खण्ड-छ : प्रारम्भिक प्रतिवेदन सार्वजनिक कार्यक्रम

## ६.१. प्रारम्भिक प्रतिवेदन सार्वजनिक :

सामाजिक परिक्षणको प्रारम्भिक प्रतिवेदन तयार पारिसकेपछि बिभिन्न सरोकारवालाहरुसमक्ष सार्वजनिक गरेर त्यसबारे आबश्यक सुझावहरु लिइएको थियो । स्थानीय सरकारका प्रतिनिधि, परियोजना अनुगमन तथा समन्वय समिति, पालिकाका बिभिन्न शाखा प्रमुख, हेफर प्रोजेक्ट नेपाल, ग्रामीण विकास तथा सचेतना समाज (रुडास) नेपाल र सेवाग्राहीसमक्ष प्रतिवेदन पेश गरेर थप सुझावहरु संकलन गरिएको थियो ।

प्रतिवेदन प्रस्तुतिपछि छलफल र प्रश्नोत्तर कार्यक्रम सम्पन्न भएको थियो । जसमा बिभिन्न सरोकारवालाहरुले सुझावहरु दिएका थिए । कार्यक्रममा प्राप्त सुझावहरु समेटेर अन्तिम प्रतिवेदन तयार पारिएको छ ।

## ६.२. निष्कर्ष :

यो परियोजनाले हालसम्म काम गर्दा धेरै अनुभव र उपलब्धीहरु हाँशिल भएका छन् । हेफर प्रोजेक्ट नेपाल, ग्रामीण विकास तथा सचेतना समाज (रुडास) नेपाल र गाउँपालिकाले आपसमा समन्वय र सहकार्य गरेर परियोजना सञ्चालन गरेका छन् । परियोजनामार्फत ग्रामिण किसानहरुलाई कुषी र पशुपालनतर्फ व्यवसायी बनाउन महत्वपूर्ण भूमिका खेलेको छ ।

अधिकांश किसानहरुले परम्परागत जीवनशैली बिताइरहेको अबस्थामा यो परियोजना सञ्चालन भएपछि किसानहरुको कृषी र पशुपालन व्यवसायीक हुन थालेको छ । परियोजनाले किसानहरुलाई व्यवसायी खेती र पशुपालन गर्न प्रेरित गरेको छ । किसानहरुको पशुहरुप्रति हेर्ने दृष्टिकोण बदलिएको छ । पशुलाई जे जस्तो गरे पनि हुन्छ भन्ने धारणा बदलिएको छ ।

तरकारी खेती, फलफुल खेती, लसुन खेती, पशुपालन र बाखाको खोर सुधार कार्यक्रम महत्वपूर्ण कार्यक्रमका रुपमा विकास भएको छ । यसमा किसानहरुको पनि रुची देखिएको छ । परियोजनाबाट उपलब्ध गराएको बजेटमा धेरै बजेट थपेर किसानहरुले सुधारिएको गोठ र खोर बनाइरहेका छन् । यसले उनीहरुको पशुपालनको परम्परागत शैलीलाई बदलेको छ ।

परियोजनामार्फत महिलाहरुको जीवनस्तरमा ठूलो परिवर्तन आएको छ । महिलाहरुको नेतृत्व विकास भएको छ । महिलाहरुको क्षमता विकास भई आत्मबिश्वास समेत बृद्धि भएको छ । यसले महिलाहरुको सशक्तिकरणको क्षेत्रमा पनि ठूलो योगदान दिएको छ । सामूहिक भावनाको विकास भएको छ । आधारशीला तालिममार्फत उनीहरुको क्षमता विकास भएको छ ।

पशुपालन सम्बन्धी तालिमले किसानहरुमा पशुको स्याहार सम्बन्धी ज्ञान बृद्धि भएको छ । पशुलाई खोप लगाउने, जुकाको औषधि खुवाउने र हेरचाह गर्ने प्रवृती विकास भएको छ । महिलाहरु समूहमा आबद्ध भएर बचत गर्ने र ऋण लिएर व्यवसाय गर्ने चलन बढेको छ । यस बर्ष गाउँपालिकामा सहकारी स्थापना भएको छ । यसले बिभिन्न समूहमा रहेका महिलाहरुलाई एक ठाउँमा जोड्न सहयोग गरेको छ ।

किसानहरुको उत्पादनलाई बजारसँग जोड्ने काममा अब ध्यान दिनुपर्ने देखिन्छ । कृषी उपज संकलन केन्द्र स्थापना गरी किसानका उत्पादनलाई बजारसँग जोड्नुपर्ने देखिन्छ । पशुपालन र कृषीलाई मुख्य व्यवसाय र आयस्रोत बनाउन सहयोग गर्नुपर्ने देखिन्छ ।

समग्रमा सामाजिक परिक्षणका क्रममा प्राप्त नतिजालाई आधार मान्दै निम्न अनुसार निष्कर्षहरु प्रस्तुत गरिएको छ :

- परियोजना अन्तर्गत सञ्चालित कृषि र पशुको व्यवसायीकरण कार्यक्रम सबैभन्दा प्रभावकारी देखिएको छ ।
- स्थानीय तहले कार्यक्रमको अपनत्व ग्रहण गरेको छ ।
- गाउँपालिकाले परियोजनालाई नमूना कामका रुपमा अघि बढाउने योजना अघि बढाएको छ ।
- पशुपालनमा आधुनिकिकरण र व्यवसायीकरण भएको छ ।
- कृषीमा व्यवसायीकरण भएको छ ।
- महिलाहरुको नेतृत्व विकास र क्षमता विकास भएको छ ।
- किसानहरुको पशुप्रति हेर्ने दृष्टिकोण बदलिएको छ ।
- बाखाको गोठ सुधार कार्यक्रमले बाखाको बृद्धि र विकासमा मद्धत गरेको छ ।
- सहकारी स्थापना भई गाउँगाउँमा रहेका महिलाहरु एकठाउँमा एकत्रित र एकजुट भएका छन् ।

## ६.३. सुझावहरु :

सामाजिक परिक्षणका क्रममा गरिएको स्थलगत अवलोकन, निरिक्षण, बिभिन्न सेवाग्राही, सरोकारवाला, नागरिक समाज र स्थानीय सरकारका प्रमुखहरुसँग गरिएको अन्तर्वाता र छलफलबाट परियोजनाका कार्यक्रमलाई थप प्रभावकारी बनाउन निम्न अनुसारका सुझावहरु दिइएको छ :

- कृषी र पशुको उत्पादन बढाउनुका साथै र बजारिकरणमा ध्यान दिनुपर्ने

- वडा स्तरमा संकलन केन्द्र र पालिका तहमा हाटबजार स्थापना गर्नुपर्ने ।
- यसले बिचौलीयाको चलखेल हट्नसक्ने । किसानले उचित मूल्य पाउने सम्भावना रहेको ।
- पशु र कृषीका लागि नियमित प्राविधिक सहयोग गर्नुपर्ने ।
- कृषि र पशुका लागि उपचार गर्दा प्राबिधिकको जाँच र सिफारिशमा मात्रै औषधि किन्ने व्यवस्था मिलाउनुपर्ने ।
- सम्भव भए परियोजना अन्तर्गत नै भेटेनरी पसल स्थापना गरी किसानले त्यहींबाट सहुलियतमा किन्ने व्यवस्था गर्नुपर्ने ।
- कार्यक्रम पालिकाकै हो, हेफर र रुडासले प्राबिधिक र जनशक्ती सहयोग गरेका छन् भन्ने कुरा सबै जनप्रतिनिधि र कर्मचारीलाई बुझाउनुपर्ने ।
- किसानलाई बिउ बितरणसँगै प्राबिधिक ज्ञान र सहयोग गर्नुपर्ने ।
- किसानलाई सिचाई सामग्रीहरु प्रदान गर्नुपर्ने ।
- सिचाई पोखरीहरु निर्माण गर्नुपर्ने ।
- समूहमा आबद्ध महिलालाई अन्य सिपमुलक तालिमहरु पनि दिनुपर्ने ।
- किसानका गुनाशालाई सम्बोधन गरी समूहलाई अझै प्रभावकारीरुपमा परिचालन गर्नुपर्ने ।
- परियोजनालाई बीचमै छोड्न नहुने ।
- बाख्राका खोरहरु बिस्तार गर्नुपर्ने ।
- ठूलो लगानी गरी कृषि तथा पशु फम दर्ता गरेका किसानलाई पनि सहयोग गर्नुपर्ने ।

# खण्ड-सात : सन्दर्भ सामग्रीहरु

प्रगति प्रतिवेदन (२०८१/०८२) । र हेफर प्रोजेक्ट नेपाल । ग्रामीण विकास तथा सचेतना समाज ( रुडास) नेपाल ।

माडी कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजनाको प्राबिधिक प्रस्तावना । (२०७९) । हेफर प्रोजेक्ट नेपाल ।

सूचनाको हक सम्बन्धी ऐन २०६४ । (२०६४) । नेपाल कानून आयोग ।

सुशासन (व्यवस्थापन र सञ्चालन) ऐन २०६४ । (२०६४) । नेपाल कानून आयोग ।

# खण्ड-आठ : अनुसूचीहरु

अनुसूची-१ : परियोजना र सामाजिक परिक्षणका बिभिन्न गतिबिधि झल्किने तस्विरहरु :



माडी–१, भित्ताबाङकी दिपा घर्ति मगरको सुन्तला र तरकारी खेती ।



माडी-२, पारीबाङका महिलाले पालेका बाख्रा ।



बाखाको परजीवी उपचारका लागि माडी-२, पारीबाङमा निर्माण गरिएको डिपिङ ट्यांकी ।



माडी–६, सुकाखोलाका युवा उद्यमी नरेश पुनको तरकारी खेती गर्ने जमिन मिलाउँदै महिला उद्यमी समूहका सदस्यहरु ।



माडी–६, सुकाखोलाका युवा उद्यमी नरेश पुनको टनेलमा रहेको टमाटर खेती ।



माडी–६, सुकाखोलाका युवा उद्यमी नरेश पुन आफै पालेका बाख्राका साथ ।



सामाजिक परिक्षणका क्रममा माडी–१, भित्ताबाङ्मा श्रीमाडी सामाजीक उद्यमी महिला सहकारी संस्थाकी अध्यक्ष धनीकला घर्ति बुढा मगरसँग कुराकानी गरिदै ।

# माडी गाउँपालिका, रोल्पा



## माडी कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता परियोजना

# ग्रामीण विकास तथा चेतना समाज नेपाल, रोल्पा